बर्ष १३ अंक १३१ २०७८ जेठ २९ गते शनिबार TANAHUN UDGHOSH DAILY Jun 12, 2021 मुल्य रु.५पृष्ठ संख्या ४

ब्रजर रङको विक्रेता
Berger
सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोस् ।
प्रो. विष्णु पराजुली
मौलाकाली सप्लायर्स
व्यास–४, मेनरोड
(तनहुँशुर मिनि मार्केट)
फोन: ०६५–५६२६९९, ९८४६०६५४७०, ९८४१६२७०६२

निष्पक्ष खबरहरुको संगालो
# तनहुँ उद्घोष
राष्ट्रिय दैनिक
THE TANAHUN UDGHOSH NATIONAL DAILY

## बहुमत सांसदको हस्ताक्षरसहित गण्डकीको मुख्यमन्त्रीमा पोखरेलको दावी

**पोखरा , २५ जेठ ।**

गण्डकी प्रदेशमा नेपाली कांग्रेसका सांसद कृष्णचन्द्र नेपाली पोखरेलले बहुमत सांसदको हस्ताक्षरसहित प्रदेश प्रमुख सीताकुमारी पौडेलसमक्ष मुख्यमन्त्रीमा दावी पेश गरेका छन् ।

प्रदेश प्रमुख पौडेलले शुक्रबार अपरान्ह संविधानको धारा १६८ (५) अनुसार मुख्यमन्त्री नियुक्तिका लागि २४ घण्टाभित्र आधार पेश गर्न प्रदेशसभा सदस्यलाई आह्वान गरेकी थिइन् ।

प्रदेश प्रमुखले आह्वान गरेको केही घण्टामै पोखरेल बहुमत सांसदसहित मुख्यमन्त्री दाबी गर्न पुगेका थिए । कांग्रेसका १५, नेकपा माओवादी केन्द्रका ११, राष्ट्रिय जनमोर्चाका २, जनता समाजवादी पार्टीका २ र स्वतन्त्र सांसद दीपक मनाङे स्वयंम प्रदेश प्रमुख कार्यालय पुगेका थिए ।




चार दल र स्वतन्त्र सांसद मनाङेले लिखित पत्र समेत दिएका छन् । प्रदेश प्रमुखसँग भएको भेटमा मुख्यमन्त्रीमा दाबी पेश गरेका पोखरेलले आफूहरु सशरीर आएको भन्दै हस्ताक्षर प्रमाणीकरणको व्यवस्था मिलाउन पनि आग्रह गरेका छन् । 'यहाँ सशरीर उपस्थित हुनु भएका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र सांसद राजीव गुरुङलगायतलाई सनाखत गरियोस् भनेका छौं । हामी त्यसैको प्रतीक्षामा छौं' पोखरेलले भने ।

प्रदेश प्रमुख पौडेलले आफूले उक्त दावीबारे अध्ययन गर्ने र प्रक्रिया पुर्‍याएर निर्णय गर्ने बताएकी छन्।

लगतै ३१ सांसदले प्रमुख प्रमुखको कार्यालयमै पोखरेलको मुख्यमन्त्री दाबीको पक्षमा हस्ताक्षर गरेका छन् ।

मुख्यमन्त्रीमा दावी पेश गरेपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै कांग्रेस संसदीय दलका नेता पोखरेलले समयको चापका कारण छिटो निर्णय होस् भनेर अनुरोध गरेको जानकारी दिएका छन् । उनले भने, 'उहाँले भोलिसम्म हेरेर तपाईंहरुलाई बोलाउँछु भन्नुभयो ।'

## भिडियो मार्फत तनहुँमा पत्रकारिता तालिम

**उद्घोष सम्वाददता**
**दमौली , २६ जेठ ।**

नेपाल पत्रकार महासंघ तनहुँको आयोजनामाभिडियो मार्फत दुई दिने पत्रकारिता सम्बन्धी तालिम शुक्रबारबाट सुरु भएको छ ।

पहिलो दिनमा "संघियतामा स्थानीयतह र रिपोटिङ्गका हाम्रा मुद्दा बिषयक"तालिम संचालनगरिएको थियो । उक्तबिषयमा नेपालपत्रकार महासंघ पूर्व अध्यक्ष धमेन्द्र झाले प्रशिक्षण दिएकाथिए ।

समय परिस्थितीलाई मध्ये नजर गर्दै भिडियो मार्फत भएपनिजिल्लाकाक्रियाशिलपत्रकारहरुलाई दुई दिने तालिमआयोजना गरेकोपत्रकार महासंघ तनहुँका अध्यक्ष उज्वल पौडेलले बताए ।

नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य प्रदिप काफ्लले तालिमको शुभकामना दिर्दै तालिमबाट पत्रकारलाई रिपोटिङ्ग र लेखनशैली अभिबृद्धि गर्ने बताए ।

पत्रकार महासंघ तनहुँका उपाध्यक्ष धनपति अधिकारी र अस्मिता खनालले तालिमले पत्रकारितालाई थप पृष्ठपोषण गर्नेमा विश्वास व्यक्त गरेका थिए ।

तालिममा जिल्लाका त्रियाशिल पत्रकारहरुको सहभागिता रहेको थियो ।

शनिबार खोजपत्रकारिता सम्बन्धी तालिम संचालन हुने पत्रकार महासंघ तनहुँका सचिव प्रताप रानाले बताए । नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष शिव गाउँलेले खोजपत्रकारिता सम्बन्धी प्रशिक्षण दिने कार्यक्रम रहेको छ ।




## एन्टिजेन टेष्ट : दैनिक केही हजार होइन, हजारौं गरौं

**उद्घोष सम्वाददाता**
**काठमाडौं , २४जेठ ।**

कोरोना संक्रमण गाउँतिर बढेपछि सरकारले कोभिड-१९ को परीक्षणका लागि एन्टिजेनको सहारा लियो । पीसीआर परीक्षण गर्ने प्रयोगशाला शहर केन्द्रित छन् । संक्रमण गाउँगाउँमा फैलिएकाले महामारी रोकथाम तथा नियन्त्रणका लागि एन्टिजेन परीक्षण उत्तम विकल्प हुने विज्ञहरु बताउँछन् । उनीहरुका अनुसार प्रारम्भिक चरणमै संक्रमण पत्ता लगाउन सके कोभिड-१९ महामारी नियन्त्रण प्रभावकारी हुन्थ्यो ।

तर पीसीआर परीक्षण प्राविधिक रूपमा जटिल र धेरै महँगो विधि भएका कारण यो परीक्षण व्यापक बनाउन सहज छैन । त्यसैले उच्च भाइरस लोड भएको समयमा संक्रमण पत्ता लगाउने एन्टिजेन परीक्षणलाई विकल्प मानिएको हो ।

यो परीक्षण तीव्र रुपमा गर्नुपर्ने भएपाी कछुवा गतिमा भइरहेको विज्ञहरुको भनाइ छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकले पनि त्यही देखाउँछ । दैनिक ४/५ हजार एन्टिजेन मात्र टेष्ट भइरहेको छ । बिहीबार कुल १५ हजार २३८ जनाको परीक्षण भयो, जसमध्ये एन्टिजेनमार्फत ५ हजार ३३७ छ ।

**के हो एन्टिजेन परीक्षण ?**

रिभर्स ट्रान्सक्रिप्सन पोलिमियर्स चेन रिएक्सन (आरटी-पीसीआर) टेष्ट प्रयोगशालामा मात्र हुन्छ । नाक र घाँटीको म्युकोसाभित्रको नमुना संकलन गरेर आरएनए परीक्षण गरिन्छ र सम्बन्धित व्यक्तिको शरीरमा रहेको भाइरस पत्ता लाग्छ ।

विश्व स्वास्थ्य संगठन ( डब्ल्यूएचओ)ले कोरोना परीक्षणको लागि आरटी-पीसीआर विधिलाई विश्वसनीय मानेको छ । तर ग्रामिण भेगहरुबाट नमुना संकलन गरेर प्रयोगशालासम्म पुर्‍याउन र परीक्षणको रिपोर्ट पाउन नै समय लाग्छ । त्यसैले कोभिड-१९ संक्रमणको परीक्षणमा छिटो नजिता आउने एन्टिजेन टेष्टलाई पनि अनुमति दिइएको छ ।

एन्टिजेन टेष्टको नतिजा १५ देखि ३० मिनेटमा आउँछ । सम्बन्धित व्यक्तिको नाकको दुवै तर्फको फ्लुइडबाट नमुना संकलन गरिन्छ र किटमा राखिन्छ । एउटा रातो लाइन आए नेगेटिभ हुन्छ भने दुइटा आए पोजेटिभ मानिन्छ ।

पीसीआरको तुलनामा यसलाई पीसीआर परीक्षणमा चाहिने महँगो उपकरण र रिजेन्टहरू नचाहिने भएकाले एन्टिजेन तुलनात्मक रपमा कम खर्चिलो पनि मानिन्छ ।

खासगरी समुदाय स्तरमा परीक्षण गर्दा एन्टिजेन प्रयोग गरिन्छ । जसले संक्रमण छिटो पहिचान गरी संक्रमित व्यक्तिलाई समयमै अइसोलेट हुन सघाउँछ भने संस्थागत आइसोलेसन वा अस्पताल जानुपर्ने आवश्यकता छुट्याउन मद्दत पुग्दछ ।

**अनलाइनखवर**

के तपाई सुपथ मूल्यमा गुणस्तरीय हार्डवेयरका सामाग्रिको खोजीमा हुनुहुन्छ ? अब हामीलाई सम्झनुहोस
प्रो. कृष्ण अधिकारी ०६५-५९०१११, ९८०१३०३००९
प्रो. विरेन्द्र पौडेल ९८४६२८३४१०, ९८४६३७१७६५
होम हार्डवेयर प्रा.लि.
व्यास-२, बागबजार, दमौली, तनहुँ
हाम्रा सेवाहरु
१) एशियान पेन्टस । २) प्लाई एभरेष्ट डोर्सको तनहुँ, लमजुङ, गोरखाको मुख्य खुद्रा तथा होलसेल बिक्रेता । ३) विजुली तथा वाइरिङ्का सामानहरु ।
४) वेनेकार्डो ब्राण्डका बाथरुम फिटिङ्स् एण्ड सेनेटरीका सम्पूर्ण सामानहरु पाइन्छ
एक पटक हामीलाई सेवा गर्ने मौका दिनुहोस !



विपक्ष स्वरको सँगालो
तनहुँ उद्घोष
राष्ट्रिय दैनिक

# सम्पादकीय

## खतरामा लोकतन्त्र

अहिले प्रधानमन्त्री केपी शर्मा ओलीका कतिपय गतिविधिले लोकतनत्रकान मुल्इ मान्यता र संविधानमाथि आक्रमण भएको नागरिक अगुवा देखि पार्टीका नेताहरुले समेत बताउन थालेका छन् । यहाँ सम्म की प्रधानमन्त्रीकै पार्टीका नेताहरुले लोकतन्त्र जोगाउन विपक्षी दलहरुसँग गठबन्धन गर्न थालेका छन् । नागरिक दवाव समुहले आन्दोलन समेत गर्न थालेको छ। प्रधानमन्त्रीले पछिल्लो पटक गरेको संसद विघटनलाई दलका नेताहरु,नागरिक समाज,बुद्धिजिवहिरु सबैमा संका उत्पन्न भएको छ। अव मुलुक कसरी अगाडी जान्छ। कतै प्रगिमनको खतरा त फेरी मुलकमा छैन्। यस्तै क्रममा शुक्रबार सभामुखले बोलाएको सर्वदलीय बैठकले लोकतन्त्र बचाउनुपर्ने निचोड निकालेको छ। नेताहरुको छलफलबाट निकालिएको यो निचोड पक्कै पनि केही आधारहरु रहेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान फेल गराउने र संविधान फेल भयो भनेर व्यवस्था उल्ट्याउने प्रयत्न भएको नेताहरुको आशंका छन् । देशमा संघीय लाकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था उल्ट्याउन देशभित्रकै र बाह्य शक्तिहरु लागि परेको र प्रधानमन्त्रीका गतिविधिले त्यसको आधारहरु तयार गरेको देखिन्छ। सरकारले चुनाव घोषणा गरेको तर, चुनाव गर्ने लक्षण नदेखाएको उल्लेख गर्दै उनले भने, 'अब ६ महिनाभित्र चुनाव हुनुपर्छ। चुनाव गर्ने लक्षण देखिँदैन। चुनावी सरकारले मन्त्रिपरिषद वितार गर्ने, अध्यादेश जारी गर्ने गर्दैन। चुनाव नभएपछि संविधान फेल हुन्छ। संविधान फेल भएपछि भ्याकुम पैदा हुन्छ। त्यसमा खेलेर अन्ततः व्यवस्था असफल ने ग्राण्ड डिजाइन असफल बनाउन आम नागरिकले शशक्त दवाव दिन आवश्यक छ।

# प्रशासन निषेधाज्ञा खुकुलो पार्ने पक्षमा, स्वास्थ्य भन्छ-जोखिम घटेको छैन



**काठमाडौं, २६ जेठ।** कोरोना भाइरस संक्रमणको 'चेन ब्रेक' गर्न भन्दै प्रशासनले उपत्यकामा निषेधाज्ञा लगाएको डेढ महीना पुगिसक्यो। यो अवधिमा संक्रमण दर घट्दै गएको भन्दै निषेधाज्ञा खुकुलो पार्न सरकारलाई दबाबव बढेको छ । स्थानीय जनप्रतिनिधिहरुले पनि उपत्यका प्रवेश नाकामा कडाई गर्नुपर्ने, तर भित्र जनजीवन सामान्य बनाउँदै लैजानुपर्ने सुझाव दिएका छन्।

स्थानीय प्रशासन पनि क्रमशः निषेधाज्ञा खुकुलो पार्दै जानुपर्नेमा सहमत छ। तर विगतमा एकैपटक निषेधाज्ञा खोल्दा संक्रमण बढेको प्रति गृह मन्त्रालय सचेत छ। त्यसैले विज्ञसँग पनि परामर्श लिएर निषेधाज्ञा खुकुलो बनाउनुपर्ने अधिकारीहरुको भनाइ छ।

काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीबीच असारदेखि निजी सवारीसाधनलाई जोर-विजोर प्रणालीमा सञ्चालन गर्न दिनेबारे छलफल भएको थियो। तर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस विषयमा असहमति जनाएको छ। मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेल भन्छन्, 'जोखिम कम भइसकेको होइन, त्यसैले अहिलेकै अवस्थामा सवारीसाधन खोल्नु जोखिमपूर्ण छ।'

यद्यपि स्वास्थ्यबाट आधिकारिक निर्णय गरेर सुझाव भने दिइनसकेको उनले अनलाइनखबरलाई बताए। यही बीच प्रशासनले असार १ देखि ७ गतेसम्म निषेधाज्ञा थप्ने मनस्थिति बनाएको छ। तर कुन-कुन क्षेत्र थप खुकुलो बनाउने भन्ने चाहिँ टुंगो लागि सकेको छैन।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुली भन्छन्, 'जेठ ३१ गते तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी बसेर निषेधाज्ञाको विषयमा निर्णय गर्छौं।'

**सरोकारवालाको माग : नाकामा कडाइ, उपत्यकामा खुकुलो**

काठमाडौंका मेयर विद्यासुन्दर शाक्य संक्रमण दर घट्दै गएकाले जनजीवन सामान्य बताउँदै लानुपर्ने बताउँछन् । 'बरु उपत्यकामा भित्रिने र बाहिरिने नाकामा अझै कडाइ गर्नुपर्छ' उपत्यका नगरपालिका फोरमका अध्यक्ष समेत रहेका मेयर शाक्यले भने, 'एकैपटक नभए चरणबद्ध रुपमा भए पनि खोल्दै जानुपर्छ ।' उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जन पनि निषेधाज्ञा मात्र विकल्प नभएका उल्लेख गर्दै स्वास्थ्य मापदण्ड अपनाएर आर्थिक गतिविधिहरु सञ्चालन गर्नुपर्ने बताउँछन् । खुद्रा व्यापार संघका पूर्वअध्यक्ष पवित्रमान बज्राचार्य भने निषेधाज्ञा थपिएको थपियै हुँदा न्यून आय भएका मानिसको जीवन असहज भएको बताए। 'त्यसैले पनि असारदेखि सहज अवस्था बनाउनुपर्छ' उनले भने, 'सरकारले दैनिक काम गरेर छाक टार्नेको हालत पनि सोचेर थप निर्णय लिओस्।' नेपाल अटोमोवाइल्स् डिलर्स एशोसिएसनका अध्यक्ष कृष्णप्रसाद दुलालले अझै व्यवसाय बन्द भए कहिल्यै उठ्न नसक्ने स्थितिमा पुगिने बताए। उनले थपे, 'नागरिक आफैं पनि अबका दिनमा जिम्मेवार हुनुपर्छ, आर्थिक गतिविधि चलाउनुपर्छ।'

होटल संघ नेपालका उपाध्यक्ष विनायक शाहले पनि विश्व स्वास्थ्य संगठनको मापदण्ड पालना गराएर व्यवसाय सञ्चालन गर्न दिनुपर्ने बताए । सरकारका विभिन्न मन्त्रालयहरुबीच स्पष्ट नीति र समन्वय नभएको भन्दै उनले लकडाउन कसरी खुल्ला गर्ने भन्ने सम्बन्धमा सरकारको स्पष्ट नीति आउनुपर्ने पनि जनाए।

वायु सेवा सञ्चालक संघका प्रथम उपाध्यक्ष अनुज रिमालले विगतमा अन्य क्षेत्रभन्दा वायु सेवामा जनस्वास्थ्यको मापदण्ड कडाइका साथ पालना गरिएको स्मरण गराउँदै अर्थतन्त्रलाई चलायमान बनाउन वायु सेवा सञ्चालन थाल्नुपर्ने बताए। पर्यटन व्यवसायी सुदर्शन नेपालले पर्यटन व्यवसायी र मजदुरले कोरोनाविरुद्धको दुवै मात्रा खोप पाइसकेको उल्लेख गर्दै जनस्वास्थ्यको मापदण्ड पालना गराउँदै पर्यटन क्षेत्रलाई पनि खुला गरिनुपर्ने बताए।अनलाइन खवरबाट

कोरोना भाइरस रोग (COVID-19)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

कोरोना भाइरस रोग (COVID-19) को मुख्य लक्षणहरू
ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

कोरोना भाइरस रोग बाट कसरी आफू र अरूलाई बचाउने?
नियमित रुपमा साबुन-पानीले हात धुने।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने।
सकेसम्म भीडमा नजाने ,हात नमिलाउने, अंकमाल नगर्ने। ।
रुघा खोकी जस्तो लक्षण देखाउने जोकोहीको सम्पर्कबाट टाढा रहने।
माछा,मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।

अनुरोधक:
स्वास्थ्य कार्यालय तनहुँ

कोरोना भाइरस रोग (COVID-19)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

कोरोना भाइरस रोग (COVID-19) को मुख्य लक्षणहरू
ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

कोरोना भाइरस रोग बाट कसरी आफू र अरूलाई बचाउने?
नियमित रुपमा साबुन-पानीले हात धुने।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने।
सकेसम्म भीडमा नजाने ,हात नमिलाउने, अंकमाल नगर्ने। ।
रुघा खोकी जस्तो लक्षण देखाउने जोकोहीको सम्पर्कबाट टाढा रहने।
माछा,मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।

घिरिङ गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
घिरिङ, तनहुँ

# संसद विघटनविरुद्ध जनमत बनाउँदै सभामुख

**उदघोष सम्वाददता**
**काठमाडौं , २६ जेठ ।**

सभामुख अग्निप्रसाद सापकोटाले बोलाएको सर्वपक्षीय बैठकमा विपक्षी गठबन्धनका नेताहरुले अदालतबाट संविधानको रक्षा हुने विश्वास व्यक्त गरेका छन् ।

प्रतिनिधिसभा विघटनविरुद्ध जनमत निर्माणमा सक्रिय सभामुख सापकोटाले प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पनि बोलाएका थिए । तर उनी अनुपस्थित रहे । यसअघि उनले बोलाएको पूर्व सभामुखहरुको परामर्श बैठकमा ओली समूहमा रहेका सुवासचन्द्र नेम्वाङ पनि अनुपस्थित थिए ।

संसद भवन नयाँ बानेश्वरको ल्होत्से हलमा भएको छलफलमा अधिकांशले संसद विघटनको विरोध गरे । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीले पटकपटक सविाधनको धज्जी उठाएको बताए । संसद विघटनको विरोध गरेका उनले अहिले सडकमा आउने परिस्थिति नभएको भन्दै अदालतबाट न्याय हुने आशामा रिट लिएर गएको बताए ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले महामारीको मौका छोपेर लोकतन्त्रको हुर्मत लिएको बताए । प्रधानमन्त्री ओलीले रहस्यमय ढंगले संसद भंग गरेको भन्दै उनले सबै मिलेर प्रतिवाद गर्नुपर्ने बताए ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले संसद पुनर्स्थापनाका लागि जनताले थाहा पाउने गरी आवाज उठाउनुपर्ने बताए । भर्चुअल रुपमा सहभागी भएका अर्का पूर्वप्रधनमन्त्री झलनाथ खनालले दलहरुबीच सहकार्यमा जोड दिएका छन् ।

जनता समाजवादी पार्टी ( जसपा)को संघीय परिषदका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले पनि सविधानको रक्षाका लागि ५ दलको सहकार्यलाई थप मजबुत बनाउनु धारणा राखे भने जसपा अध्यक्ष उपेन्द्र यादवले महामारीको मौका छापेर संविधान र संसदमाथि आक्रमण भएको बताए । राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाका दीपक बोहराले संसद विघटनको मुद्दा अदालतमा विचाराधीन भएकाले यसबारे बोल्न चाहेनन् भने नेपाल मजदुर किसान पार्टी नेमकिपाका प्रेम सुवालले आपत पर्दा मात्र सम्झिएको गुनासो गरेका छन् ।

सर्वदलीय बैठकमा सबैले गिट्टी बालुवा तथा ढुंगा निकासी गर्ने बजेटको घोषणा र काम चलाउ सरकारले गरेको मन्त्रिपरिषद् विस्तारको आलोचना गरेका छन् ।

**अनलाइन खवरबाट**












# भानु माध्यमिक विद्यालय

**बन्दीपुर- २,तनहुँ**

**गण्डकी प्रदेश नेपाल**

**ठेक्का नं.** BSS /SQ /02 /077 /78

## ICT सम्बन्धि शैक्षिक सामाग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**यस भानु माध्यमिक विद्यालय बन्दिपुरलाई चालु आर्थिक वर्ष २०७७/०७८ का लागि आवश्यक पर्ने ICT शैक्षिक सम्बन्धि सामाग्री सामाग्री शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्ट्रड निर्माता / कम्पनी / फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाश नभएको मितिले पन्ध्र दिनभित्र यस कार्यालयबाट शिलवन्दी दरभाउपत्र फारम खरिद गरी यस कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

१. दरभाउपत्र फारम सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नवीकरण गरेको व्यवसायिक संस्था वा कम्पनीको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर, स्थायी लेखानम्बर र आर्थिकवर्ष २०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको authorization letter को प्रमाणित प्रतिलिपि र दरभाउ पत्र दस्तुर रु १००० (एक हजारमात्र ) निवेदन साथ पेश गरे पछि यो सूचना प्रकाशित भएको मिति देखि १५ दिन सम्म कार्यालय समय भित्र उपलब्ध गराइने छ ।

२.खरिद गरिएका दरभाउ पत्र फारमहरुको महलहरु स्पष्टरुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथमपटक सूचना प्रकाशित भएको मिति देखि १६औं दिन दिनको १२(बाह्र) बजे सम्म यस कार्यालयमा उपस्थित भई दरभाउ पत्र दर्ता गराउनु पर्ने छ र सो सिलबन्दी दरभाउ पत्र सोही दिन द (दुई) बजे यसकार्यालयमाखोलिनेछ। दर भाउ पत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा दरभाउ पत्र फारम खोल्न बाधा पर्ने छैन ।

३.दरभाउ पत्र खरिद गरिने र दर्ता गरिने अन्तिम मिति सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन लाई तत् प्रजोनको लागि अन्तिम दिन मानिनेछ ।

४. दरभाउपत्र फारम साथ जमानत बापतको रकम यस भानु माध्यमिक विद्यालयको NIC ASIA बैंक डुम्रेशाखा तनहुँ स्थित विद्यालयको खातानम्बर E641052506952401 धरौटी दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकार को मान्यता प्राप्त क श्रेणीको बैंकबाट जारी भएको बिडवण्ड संलग्न गर्नुपर्नेछ।

५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकारयस विद्यालयमा सुरक्षित रहनेछारित नपुगेका र म्यादनाघी आएका दरभाउ पत्र उपर कुनै कारवाही गरिनेछैन ।दरभाउ पत्रमा प्रत्येक आइटमको भ्याट बाहेकको दररेट उल्लेख गर्नुपर्ने छाअङ्कर अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइनेछ।

६.खरिद गर्नुपर्ने सामग्रीको कउभअषष्अबतष्यल र बोलपत्र सम्बन्धी अन्य शर्तहरू दरभाउ पत्र फारममा उल्लेख गरेबमोजिम हुनेछायस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजनिक खरिद ऐन२०६३(संशोधनसहित), सार्वजनिक खरीद नियमावली २०६४(संशोधनसहित) र प्रचलित नियमानुसार हुनेछ ।

७. दरभाउपत्र सम्वन्धि थप जानकारीको लागि भानु माध्यमिक विद्यालयको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

८. दरभाउपत्र दाताले आफूले आफूले दिने क्ष्त्त सम्बन्धि शैक्षिक सामाग्रीको उत्पादन कम्पनी र उत्पादन मुलुकको नाम र मेडेल नम्बर लगायत विवरण प्रष्टतसँग उल्लेख गर्नुपर्दछ र १ वर्षको Warranty हुनुपर्दछ।

९. दरभाउपत्र फारम खरिद र दरभाउपत्र फारम दर्ता सम्बन्धित दरभाउपत्र दाता वा निजले तोकेको आधिकारिक पत्रवाहकले मात्र खरिद गर्न सक्नेछन्।

१०.Bill of quantity मा सामानको परिमाणमा थपघट भएमा दरभाउपत्र दाताले कबोल गरेको दररेटमा उपलब्ध गराउनु पर्ने छाप्राप्त दर भाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

तपसिल

| क्र.स. | सुचना नं | विवरण | लागत अनुमान मु.अ. कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | BSS/SQ/०२/०७७/०७८ | ICT सम्बन्धि शैक्षिक सामाग्री | ६४३४०० | १६०८५।- | |




देवघाट गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ




म्याग्दे गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
म्याग्दे, तनहुँ

तनहुँ उद्घोष दैनिककालागि प्रकाशक तथा कार्यकारी सम्पादकः उज्वल पौडेल **सम्पादकः** इश्वरी प्रसाद ढकाल, **ब्यवस्थापकः** सुर्यभक्त पौडेल, कार्यालय : व्यास नपा–२ अनशन चौतारी अगाडी दमौली, सम्पर्क : ९८४६१२०३३५ E-mail- udghoshdaily@gmail.com मुद्रण : विज्ञान पिन्टर्स, दमौली,